## मिति २०७७।०७।०५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. २१।०७७

१. प्रदेश सुशासन नियमावली, २०७७ स्वीकृत गर्ने।

२. यातायात व्यवस्था कार्यालयहरुको लागि अस्थायी दरबन्दी सृजना एवं सेवा करार भर्ना स्वीकृति गर्ने।

३. कोभिड-१९ व्यवस्थापनका लागि खटिने जनशक्तिको खाजा, खाना तथा बसोबास खर्चको दररेट तोक्ने।

४. कोभिड-१९ को संक्रमण बढिरहेको वर्तमान समयमा यस प्रदेशमा संचालित आइशोलेशन केन्द्र तथा अस्पतालबाट प्रदान गरिदै आएको PCR परीक्षणको सेवालाई दशै विदाको अवधिमा र त्यसपछि पनि यथावत रुपमा संचालन गर्ने व्यवस्था सामाजिक विकास मन्त्रालयले मिलाउने।

५. कोभिड-१९ को संक्रमण बढिरहेको अवस्थामा संक्रमितहरुको उपचार तथा संक्रमण रोकथामका लागि सहयोग गर्न प्रदेश सरकारका माननीय मन्त्रीहरुले पाउने २०७७ सालको चाडपर्व खर्च वापतको रकम कोरोना भाईरस रोग रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा गर्ने।

६. नेपालीहरुको महान पर्व विजयादशमी, दीपावली, नेपाल सम्वत्, छठ, इद, उद्यौली-उभौली तथा तमू ल्होसार समेतका पर्वहरुको अवसरमा स्वदेश एवं विदेशमा रहनुहुने सबै नेपाली दाजुभाई दिदीवहिनीहरुको सुख शान्ति, सुस्वास्थ्य, समृद्धि, उत्तरोत्तर प्रगति तथा दीर्घ जीवनको शुभकामना प्रकट गर्दै कोभिड-१९ को बढ्दो संक्रमणलाई दृष्टिगत गरी उच्च सतर्कता एवं सचेतता सहित आ-आफ्नो धर्म संस्कृति, परम्परा र रीतिरिवाज अनुसार चाड पर्व मनाउन सबै नागरिकहरुलाई अनुरोध गर्ने।